# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५ ] काठमाडौं, कात्तिक २१ गते २०३२ साल [ अतिरिक्ताङ्क ३४ (क)

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको
### सूचना

विभूषण (तेन्हौं संशोधन) नियमावली, २०३२

विभूषण नियमावली, २०२३ (यसपछि "मूल नियमावली" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराजबाट देहायबमोजिमको नियमावली स्वीकृत गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस नियमावलीको नाम "विभूषण (तेन्हौं संशोधन) नियमावली २०३२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल नियमावलीको नियम २२ मा संशोधनः– (१) मूल नियमावलीको नियम २२ को उप–नियम (१) मा रहेको "राजप्रासाद सेवा" भन्ने शब्दहरूको सट्टा "राजदरबारका" भन्ने शब्द र "गृह पञ्चायत मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "गृह मन्त्रालय" भन्ने शब्दहरू राखिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) मूल नियमावलीको नियम २२ को उप-नियम (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छः–

"(ङ) श्री ५ महाराजाधिराजबाट राजदरबारका वा श्री ५ को सरकारको सेवामा रहेका कर्मचारीहरूमध्ये आजीवन सेवा पाउने गरी हुकुमबक्सेका कर्मचारीले सेवा शर्तसम्बन्धी कानून अनुसार उमेरको हदले अवकाश पाउने अवस्था नाघेपछि निजले यो नियमावलीबमोजिमको उपदान पाउने छ र यसरी उपदान प्राप्त गरी सकेपछि पनि श्री ५ महाराजाधिराजबाट निजलाई मानपदवी प्रदान गरिबक्सेमा निजले प्रत्येक पटक यस नियमावलीबमोजिमको थप उपदान पाउने छ ।"

हुकुमबक्सेबमोजिम
रञ्जनराज खनाल,
श्री ५ महाराजाधिराजका सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८०